# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः२० मितिः २०७७/१२/२०

## भाग-१

## भरतपुर महानगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७७

## भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापनगर्न बनेको ऐन, २०७७

**प्रमाणिकरण मितिः २०७७/१२/२०**

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरुको समायोजन भई भरतपुर महानगरपालिकामा कामकाज गर्न खटाइए पश्चात साविकको स्थानीय नियकायको सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको बढुवा नहुँदा स्थानीय सेवाका समग्र कर्मचारीको वृत्ति विकास अवरुद्ध भएकोले त्यस्ता कर्मचारीहरुको र अन्य स्थानीय निकायबाट सरुवा, समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको बढुवा तथा स्तरवृद्धि सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भरतपुर महानगरपालिका कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन,२०७७" रहेको छ।

(२)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले भरतपुर महानगरपालिकाको कर्मचारी समायोजन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ लाई सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले साविकका स्थानीय निकायको रुपमा रहेको भरतपुर महानगरपालिकाको स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत रहेका र अन्य स्थानीय निकायबाट समायोजन हुँदा बढुवा नभई भरतपुर महानगरपालिकामा समायोजन भएका यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरतकर्मचारीलाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले भरतपुर महानगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन र महानगरपालिकाले समय समयमा निर्णय गरी तोकिएका कुरालाई सम्झनुपर्छ।

(ङ) "नगर सभा" भन्नाले भरतपुर महानगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "स्थानीय सेवा" भन्नाले भरतपुर महानगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भइ कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ।

(ज) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनुपर्छ।

(झ) "स्थानीय कानुन" भन्नाले भरतपुर महानगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ।

३. **महानगर सेवाका कर्मचारी बढुवा गर्नेः**

(१) साविकको स्थानीय निकायको रुपमा महानगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्ति भई महानगरपालिकामा सरुवा, समायोजन, पदस्थापन भएका र यो ऐन जारी हुँदाका बखत महानगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको बढुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिम कम्तीमा तीन वर्ष स्थायी रुपमा कार्यरत महानगरपालिकामा समायोजन, सरुवा र पदस्थापन भएका स्थानीय सेवाका कर्मचारीहरुको बढुवा देहाय वमोजिम हुनेछ।

| क्र.स. | साविकको तह | समायोजन पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १. | श्रेणी विहिन दोश्रो, (नगर प्रहरी) | श्रेणी विहिन तेश्रो( नगर प्रहरी) | श्रेणी विहिन तेश्रो | |
| २. | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | सहायकस्तर चौथो | |
| ३. | सहायकस्तर चौथो | सहायकस्तर पाचो | सहायकस्तर पाँचो | |
| ४. | सहायकस्तर पाचो | अधिकृतस्तर छैठौं | अधिकृतस्तर छैठौं | |
| ५. | अधिकृतस्तर छैटौं | अधिकृतस्तर सातौं | अधिकृतस्तर सातौं | |
| ७. | अधिकृतस्तर सातौं | अधिकृतस्तर आठौं | अधिकृतस्तर आठौं | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ ।

(४)यस दफा वमोजिम महानगरपालिका स्थानीय सेवाका कार्मचारी बढुवा गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ।

(५) उपदफा (१)बमोजिम बढुवा स्वीकार गर्ने कर्मचारीहरुले बढुवा कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुबिधाहरु प्राप्त गर्नेछन्।

(६) उपदफा (२) बमोजिमको बढुवा तथा स्तरवृद्धि सम्बन्धी प्रावधान एक पटकका लागि मात्र लागु हुनेछ ।

४. **बढुवा पत्र दिनेः** (१) यस ऐन वमोजिम बढुवा भएपश्चात् महानगरपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले बढुवा भएको पत्र दिनुपर्ने छ।

(२) उपदफा (१) वमोजिम दिइने पत्र अनुसूची-१ वमोजिमको हुनेछ।

५. **पदस्थापना गरिनेः** दफा ३ बमोजिम बढुवा भएका महानगरपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई बढुवा पश्चात पदस्थापना गर्नु अघि स्वतः पुल दरवन्दीमा कायम भएको मानिने छ।यसरी बढुवा भई पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्व गरिआएको कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

६.महानगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गराइ पुल दरवन्दीमा रहेका कर्मचारीहरुलाई उपयुक्त समूह तथा उपसमुहमा पदस्थापना गरिनेछ।

७. **बढुवा भएका कर्मचारीको सेवा सुविधाः** यस ऐन वमोजिम बढुवा भएका स्थानीय सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानुनले तोके वमोजिम हुनेछ।

८.**जेष्ठताको गणनाः**

(१) यस ऐन बमोजिम बढुवा हुने कर्मचारीहरुको जेष्ठता बढुवा भएको मिति देखि गणना गरिनेछ।

९.**आवश्यक व्यवस्था मिलाउनेः** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

दफा ४ को उपदफा (२) सँग सम्बन्धित

बढुवा पत्र

पत्र संख्याः

चलानी नं.

मितिः............................

श्री...............................

...................................

विषयः बढुवा गरिएको सम्बन्धमा।

भरतपुर महानगरपालिकाका कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन,२०७७ बमोजिम आजैका मिति देखि लागु हुने गरी तपाइलाइ देहाय बमोजिमको पद तथा तहमा पुल दरबन्दीमा रहने गरि बढुवा गरीएको छ।

बढुवा हुनु भएकोमा बधाई छ।

तपसिल

| हाल कार्यरत पदको विवरण | समायोजन गरिएको विवरण |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समूहः | समूहः- |
| नियूक्ति मितिः | उप समूहः- |

आज्ञाले

(महेन्द्र प्रसाद पौड्याल)

प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

श्री सघींय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहदरवार।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, वागमती प्रदेश, हेटौडा।

श्री कर्मचारी संचय कोष, ठमेल।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर।

श्री आर्थिक प्रशासन महाशाखा, भरतपुर महानगरपालिका।